# स्थानीय राजपत्र

भाग-२ वर्षः ५ अंकः ३ मितिः २०८१/०१/३०

कार्यपालिकाबाट स्वीकृत मिति २०८१।०१।३०

## शिक्षक दरवन्दी (मिलान तथा सरुवा व्यवस्थापन) कार्यविधि, २०८१

भाग-२

## शान्तिनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ

## शिक्षक दरवन्दी (मिलान तथा सरुवा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः–** शान्तिनगर गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको व्यवस्थापन मार्फत विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई थप ब्यबस्थित र प्रभाबकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) को "ज" को (११) तथा शान्तिनगर गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा (३४), (३५), (३६) र (३७) मा भएको ब्यबस्था कार्यान्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) को उपदफा(२) तथा दफा (१२०) मा रहेको व्यवस्था वमोजिम शान्तिनगर गाउँ कार्यपालिकाले यो कार्यबिधि बनाई लागु गरेको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भः**( १) यस कार्यबिधिको नामः शिक्षक दरबन्दी (मिलान तथा सरुवा व्यवस्थापन) कार्यबिधि, २०८१ रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः–** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) "**ऐन**" भन्नाले शान्तिनगर गाउँ शिक्षा ऐन २०७६ लाई सम्झनुपर्छ।

ख) "**कार्यालय**" भन्नाले शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

ग) "**अध्यक्ष**" भन्नाले शान्तिनगर गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

घ) "**उपाध्यक्ष**" भन्नाले शान्तिनगर गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय प्रमुख लाई सम्झनु पर्छ।

च) "**शिक्षा शाखा**" भन्नाले शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालयमा रहेको शिक्षा हेर्ने विषयगत शाखा सम्झनु पर्दछ।

छ) "**दरबन्दी**" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट

प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्दछ र सो शब्दले अन्य अस्थायी प्रकृतिका अनुदान दरबन्दिलाई समेत बुझाउँछ।

ज) "**गाउँपालिका अनुदान**" भन्नाले गाउँपालिकाले उपलब्ध गराएको शिक्षक संख्यालाई जनाउँदछ।

झ) "**शिक्षा अधिकृत**" भन्नाले गाउँपालिकाको शिक्षा हेर्ने विषयगत शाखामा कार्यरत शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

ञ) "**प्रधानाध्यापक**" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा सो काम गर्न तोकिएको शिक्षक सम्झनु पर्दछ।

ट) "**शिक्षक**" भन्नाले विद्यालयमा अध्यापन गर्न नियुक्त भएको अध्यापक सम्झनुपर्दछ।

ठ) "**विद्यालय कर्मचारी**" भन्नाले शिक्षक बाहेकका प्रशासनिक कार्य गर्ने अन्य कर्मचारी सम्झनु पर्दछ साथै सो शब्दले विद्यालय सहायक (लेखा हेर्ने) कर्मचारी समेतलाई जनाउँछ।

ड) "**सहजकर्ता**" भन्नाले प्रारम्भिक बाल बिकास सहजकर्ता सम्झनु पर्दछ।

ढ) "**विद्यालय**" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्विकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

२) **उदेश्यः**– देहाय बमोजिमको उदेश्य सहित यो कार्यबिधि जारी गरिएको छ।

शिक्षकलाई फरक भौगोलिक क्षेत्रमा पर्ने फरक विद्यालयको अनुभव दिलाउने, शिक्षक दरबन्दी मिलानमा सहजता ल्याउने, शिक्षक व्यवस्थापन मार्फत विद्यालयको शिक्षण गतिविधिलाई गुणस्तरयुक्त, प्रभावकारी र व्यवस्थित गराउने तथा स्थानीय स्तरको शैक्षिक ज्ञान सिपको स्तरिकरण गर्ने उदेश्य रहेको छ।

## परिच्छेद–२

### दरबन्दि मिलान तथा सरुवाको ब्यवस्थापनको आधार तथा कार्यबिधि

यस शान्तिनगर गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा कार्यरत स्थायि, अस्थायि, राहत, गाउँपालिका अनुदान, प्रारम्भिक वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको दरबन्दी मिलान तथा सरुवा गर्दा देहायका कार्यबिधिका आधारमा कामकाज वा सरुवा गर्नुपर्नेछ।

२.१. **दरबन्दि मिलान तथा सरुवा व्यवस्थापनको आधारः–**

क) प्रारम्भिक बाल बिकास सहजकर्ताको सरुवा गर्दा प्रति विद्यालय प्रति बालकक्षा २० जना सम्म बालबालिकाको लागि १ जना र सो भन्दा माथि भए थप २० जना बराबर थप १ जना सहजकर्ताको व्यवस्थापन गर्नुपर्नेछ। सोहि अनुसार हाल मौजुदा प्रति विद्यालय प्रारम्भिक बाल कक्षामा ३० जना विद्यार्थी नभएमा सहजकर्तालाई अर्को विद्यालयमा सरुवा गर्नुपर्नेछ।

ख) प्राथमिक तहमा तहगत रुपमा विद्यार्थी संख्याको आधारमा दरबन्दि कायम गरी बचत हुने दरबन्दीमा देहायको मापदण्डको आधारमा कार्यरत शिक्षकलाई निम्न माद्यामिक तह अध्यापन गर्न सक्ने गरी योग्यता पुगेका शिक्षकको सरुवा गर्नुपर्नेछ।

ग) विद्यार्थी शिक्षक अनुपातको आधार प्रत्येक वर्ष निर्धारण गरि दरवन्दी मिलान तथा शिक्षक सरुवा गर्नुपर्नेछ।

**आधारहरुः–**

१) तहगत रुपमा न्युनतम ५० जना विद्यार्थी नपुगेको हकमा देहाय बमोजिम दरबन्दी गणना गर्ने।

अ) न्यूनतम १५ जना विद्यार्थी बराबर १ शिक्षक (प्राथमिक तहको हकमा)

आ) न्यूनतम २० जना विद्यार्थी बराबर १ शिक्षक (निम्न माद्यमिक तहको हकमा)

इ) न्यूनतम ३५ जना विद्यार्थी बराबर १ शिक्षक (माद्यमिक तह (९-१०) को हकमा)

२) दरबन्दी मिलान तथा शिक्षक सरुवा गर्दा विभिन्न तह (माद्यमिक, निम्न माद्यमिक, र प्राथमिक तहको स्वीकृत दरबन्दी, गाउँपालिका अनुदान, राहत अनुदान, शिक्षण सिकाई अनुदान समेतलाई गणना गर्नुपर्नेछ।)

३) माथिल्लो तहमा दरबन्दी अपुग भएमा तल्लो तहको बचत हुने दरबन्दी गणना गरी दरबन्दी मिलान तथा शिक्षक सरुवा गर्नुपर्नेछ।

४) दरबन्दी मिलान गर्दा सामजिक न्याय, समानुपातिक वितरण, भौगोलिक बिषमतालाई मध्येनजर गर्ने।

५) तहगत रुपमा देहाय अनुसार दरबन्दी कायम हुने गरी शिक्षक सरुवा गर्ने।

अ) प्राथमिक तह (१-५) मा न्यूनतम ५० जना विद्यार्थी बराबर ३ जना शिक्षक

आ) निम्न माद्यमिक तह (६-८) मा न्यूनतम ५० जना विद्यार्थी बराबर ३ जना शिक्षक

इ) माद्यामिक तह (९-१०) मा न्यूनतम ४५ जना विद्यार्थी बराबर ५ जना शिक्षक

घ) निम्न माद्यामिक, माद्यामिक तथा साबिकको उच्च माद्यामिक तहमा बिषयगत रुपमा आवश्यक्ता बमोजिम शिक्षक सरुवा गर्नुपर्नेछ।

ङ) दरबन्दी नभएको विद्यालयमा शिक्षकको आवश्यकता देखिएमा गाउँ शिक्षा समितिले आवश्यकताको आधारमा काजमा शिक्षक खटाउन सक्नेछ।

च) दरबन्दि मिलान भईसके पश्चात समेत कुनै विद्यालयमा विद्यार्थी संख्याको तुलनामा आवश्यकता भन्दा बढि शिक्षक भएको देखिएमा गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार जुनसुकै समयमा शिक्षक सरुवा गरी पुनः दरबन्दि मिलान तथा ब्यबस्थापन गर्नुपर्नेछ।

छ) कुनै शिक्षकको नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन

लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा सो विद्यालयको शैक्षिक वाताबरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समिति तथा वडा कार्य समितिको निर्णय सहित सिफारिस भएमा गाउँ शिक्षा समितिको निर्णयानुसार निज शिक्षकलाई अर्को विद्यालयमा सरुवा गर्न सकिनेछ ।

ज) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा बिशेषज्ञ सेवा प्रबाह गरिरहेको अबस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा गर्न सकिनेछ ।

झ) राहत र स्विकृत दरबन्दी विचमा समेत शिक्षक सरुवा गर्नुपर्ने आवश्यकता देखिएमा दरबन्दी साटफेर हुने गरी गाउँ शिक्षा समितिले शिक्षक सरुवा हुने गरी निर्णय गर्न सक्नेछ ।

ञ) अनिवार्य अबकाश हुन एक बर्ष वा सो भन्दा कम अबधि रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिनेछैन । तर दुई शिक्षकको आपसी सहमतिमा सरुवा हुन चाहेमा प्राप्त निवेदनको आधारमा अवकाश हुने शिक्षकको समेत सरुवा गर्न कुनै बाधा पर्नेछैन ।

ट) विद्यालयमा दरबन्दी, मानव संसाधान, भौतिक संरचनाको अभावमा विद्यालय सञ्चालन हुन कठिनाई देखिएको खण्डमा गाउँपालिका मार्फत शिक्षक व्यवस्थापन गर्न सक्ने आधार नदेखिएमा सो विद्यालयको कक्षा घटुवा गरी भएको जनशक्ती तथा संरचनाको उपयोग गरी शिक्षण क्रियाकलापलाई निरन्तरता दिन सकिनेछ । सो सम्बन्धमा कक्षा घटुवा गर्न सक्ने निर्णय गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

ठ) गाउँपालिका अन्तर्गतका कुनै विद्यालयमा रिक्त भएको शिक्षक

पदमा पालिका भित्रैका विद्यालयमा कार्यरत कुनै शिक्षकलाई सरुवा गर्नुपर्ने देखिएमा शिक्षा समिति मार्फत मात्रै शिक्षकको सरुवा गरिनेछ। शिक्षक सरुवा सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले दिएको सहमति कार्यान्वयन गर्ने वा नगर्ने अधिकार शिक्षा समितिलाई हुनेछ।

२.२. **सरुवा व्यवस्थापनको कार्यबिधिः**( ऐनको दफा ३४ को उपदफा (ङ) कार्यान्वयनको लागि देहायको कार्यबिधि अबलम्बन गरिनेछ।

क) ऐनको दफा ३४ को उपदफा (१) बमोजिम सरुवाको लागि शिक्षक स्वयंले एक विद्यालय वाट अर्को विद्यालयमा रिक्त रहेको पदमा सरुवा हुन चाहेमा सरुवा हुन पर्नुको कारण खुलाई गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

ख) कार्यालयमा पेश भएको निबेदन उपर कार्यार्थको लागि शिक्षा शाखाले अध्ययन गर्नेछ र निर्णयको लागि आवश्यक लिखित दस्ताबेज सहित गाउँ शिक्षा समितिमा समक्ष पेश गर्नुपर्नेछ। यदि कुनै कारणबश गाउँ शिक्षा समितिको बैठक बस्ने अनुकुल परिस्थिती सिर्जना नभएमा वा बैठक नबसेमा प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिका अध्यक्ष स्तरीय निर्णयबाट समेत शिक्षकको सरुवा गर्न सकिनेछ।

ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुणस्तर अभिबृद्धिको लागि शिक्षक ब्यबस्थापन गर्नुपर्ने अबस्था देखिएमा विद्यार्थी संख्या र कायम रहेको दरबन्दिको अध्ययन गरी जुनसुकै समयमा पनि शिक्षा समितिले जुनसुकै तहको शिक्षक सरुवा गर्न सक्नेछ।

घ) सरुवा भएको वा गरिएको शिक्षक सरुवा पत्र बुझेको (२१) दिन भित्र रमाना हुनुपर्नेछ। रमाना भएको शिक्षक वाटोको म्याद बाहेक

(७) दिन भित्र सरुवा गरिएको विद्यालयमा हाजिर समेत हुनुपर्नेछ।

ङ) सरुवा भएको शिक्षकलाई बिना कुनै सर्त रमाना दिनु र तोकिएको विद्यालयमा हाजिर गराउनु प्रधानाध्यापकको कर्तब्य हुनेछ। रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापकलाई कानुन बमोजिम कारबाही गरिनेछ।

च) नियम (ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयको प्रधानाध्यापकले के कति कारणले सरुवा भएको शिक्षकलाई रमाना दिन नसकिने र हाजिर गराउन नसकिने हो स्पष्ट कारण सहित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा (७) दिन भित्र लिखित जवाफ पेश गर्नुपर्नेछ। सो सम्बन्धमा गाउँ शिक्षा समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

छ) विद्यालयमा वितरण गरीएको गाउँपालिका अनुदान शिक्षक कोटा, प्राबिधिक धार तर्फका शिक्षक/प्रशिक्षक, राहत/अस्थायी/करार, प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई समेत आवश्यकता र औचित्यताको आधारमा कार्यरत विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सकिनेछ। ऐ. शिक्षक तथा कर्मचारीको सरुवा सम्बन्धमा समेत यसै कार्यबिधिको ब्यबस्था लागु गरिनेछ।

ज) माथि जुनसुकै कुरा लेखिएको भएतापनि हाल कार्यरत जुनसुकै तहको नि.प्र.अ. लाई आवश्यकताको आधारमा सम्बन्धित तहको शिक्षक पदमा र जुनसुकै विद्यालयमा कार्यरत शिक्षकलाई सम्बन्धित तह सञ्चालनमा रहेको विद्यालयको नि.प्र.अ.को रुपमा काज खटाउन कार्यबिधिको कुनै व्यवस्थाले बाधा पुर्याएको मानिनेछैन। साथै सम्बन्धित नि.प्र.अ. ले सो कामकाज गर्न असमर्थ छु भनि व्यक्तिगत निवेदन दिएको खण्डमा समेत गाउँ शिक्षा समितिको निर्णय गरी अन्य विद्यालयमा नि.प्र.अ. वा शिक्षकको रुपमा सरुवा गर्न सक्नेछ।

झ) तगहत रुपमा तोकिएको योग्यता पुगेका शिक्षकहरुबाट समेत आवेदन माग गरि प्र.अ. व्यवस्थापन गरिनेछ। सो सम्बन्धमा शिक्षा समितिले आवश्यक कार्यबिधि स्विकृत गरि लागु गर्न सक्नेछ।

ञ) पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको शिक्षण सिकाई सुधार गर्न मनासिव देखिएमा जुनसुकै समयमा पनि गाउँ शिक्षा समितिको निर्णयानुसार प्र.अ. हेरफेर गर्न सक्नेछ।

ट) माथि जुनसुकै कुरा लेखिएको भएता पनि संघिय शिक्षण सिकाई अनुदान (गणित, अङ्ग्रेजी र बिज्ञान अनुदान शिक्षक) पदमा कार्यरत शिक्षकको सरुवा गरिने छैन।

ठ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि दरवन्दिको प्रकृति तथा विद्यालयको आवश्यकता अनुसार शिक्षा समितिको निर्णयानुसार कुनै पनि शिक्षकलाई गाउँपालिका भित्रको अन्य कुनै विद्यालयमा काज सरुवा गर्न वा अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि खटाइएकै विद्यालयबाट तलब भत्ता पाउने गरी कामकाजमा खटाउन सकिनेछ।

ड) शिक्षक दरबन्दी नभई कुनै विद्यालयमा शिक्षक काजमा खटिएको अवस्थामा दरबन्दी मिलान भई सकेपछि सम्वन्धित पद तथा श्रेणी मिलेको खण्डमा निज शिक्षकलाई पदस्थापन गर्न सकिनेछ।

ढ) शान्तिनगर गाउँपालिका भित्रका रिक्त पदमा हुने सरुवा तथा अन्तरपालिका वा जिल्लाअन्तर सरुवाको हकमा प्रचलित संघिय कानुन वमोजिम कुनै रिक्त पदमा कुनै शिक्षक सरुवा भई आउन सहमति माग गरेमा सम्बन्धित विद्यालयले तोकिएको मापदण्ड पुगेका सहमति माग गर्ने सबै शिक्षकलाई आउनको लागि सहमति दिई पालिकामा सिफारिस गर्नुपर्नेछ। पालिकाले विद्यालयबाट सिफारिस भई आएका मध्येबाट (१) जना शिक्षकलाई सरुवा सहमति दिन सक्नेछ सो सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिका

अध्यक्षमा निहित रहनेछ ।

(ण) मिलान भएका दरबन्दीमा शिक्षक सरुवा गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यबिधि २०७६ को परिच्छेद-४ को नियम ८ का आधारमा तात्विक फरक नपर्ने गरी शिक्षक व्यवस्थापन गर्न सकिनेछ। साथै कुनै पनि प्रकारका रिक्त दरबन्दी स्थानान्तरण भएमा सो रिक्त दरबन्दीमा विद्यालयको माग अनुसार खुला बिज्ञापन मार्फत करारमा शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद–३

## विविध

क) **सरुवा पत्र सम्बन्धि प्रावधान**: सरुवा सम्बन्धमा गाउँ शिक्षा समितको निर्णय पश्चात तोकिएको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा अधिकृतले सम्बन्धित शिक्षकलाई सरुवा पत्र उपलब्ध गराउनेछ । सरुवा पत्रमा कानुन बमोजिम तोकिएको सम्बन्धित निकायलाई बोधार्थ दिनुपर्नेछ ।

ख) **प्रतिबेदन पेश गर्नुपर्ने**: एक शैक्षिक सत्रमा के कति शिक्षकको दरबन्दी मिलान तथा सरुवा गरियो सो सम्बन्धमा शैक्षिक सत्र सकिएको (१) महिना भित्र एक प्रति प्रतिबेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई र गाउँ कार्यपालिकाको बैठकमा शिक्षा समितिको निर्णयानुसार पेश गर्नुपर्नेछ ।

ग) **तलब भत्ता व्यवस्थापन**: यसै कार्यविधि बमोजिम गरिने शिक्षकको काज तथा सरुवाको लागि निश्चित अबधि तोकेर कार्यरत विद्यालय वा खटाइएको वा सरुवा गरिएको विद्यालयबाट तलब भत्ता उपलब्ध हुने व्यवस्था सरुवा पत्रमा उल्लेख गरिनेछ ।

घ) **कारवाहि सिफारिस**: शिक्षक सरुवा तथा काज ब्यबस्थापनमा

चित्र नबुझी कुनै पनि किसिमको बन्द, हड्ताल तथा अमर्यादित प्रकारले बिरोध प्रदर्शन गर्न पाईनेछैन यदि सो गरेको देखिएमा सम्बन्धित व्यक्तिलाई आवश्यक कारवाही गर्ने अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

ङ) **समन्वय तथा सहयोग**ः नेपाल शिक्षक महासंघ, शिक्षक संघ, संगठनहरुले दरबन्दि मिलान तथा शिक्षक सरुवा व्यवस्थापन मार्फत विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई सहजता प्रदान गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयबाट गरेका कार्यहरुमा आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ ।

च) **बाझिएमा अमान्य हुने**ः यस कार्यबिधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यबिधिको व्यवस्था अमान्य हुनेछ ।

छ) **संसोधन**ः यस कार्यबिधिको कुनै पनि प्राबधान संसोधन वा खारेज गर्नुपर्ने भएमा सो सम्बन्धि अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

अनुसुची-१

शिक्षक सरुवा पत्रको ढाँचा

शान्तिनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प.स. चिराघाट, दाङ

च.नं. लुम्बिनी प्रदेश मितिः-

विषयः- काज-सरुवा/कामकाज/सरुवा ।

महासय,

प्रस्तुत बिषयमामा शान्तिनगर गाउँ शिक्षा समितिको मिति .................. गतेको निर्णय तथा शिक्षक दरबन्दि मिलान तथा सरुवा व्यवस्थापन कार्यबिधि, २०८० को नियम ........ बमोजिम सरुवा गरिएको/ कार्यरत बिद्यालय बाट त.भ.उपलब्ध हुने गरि तपाईलाई देहाय बमोजिम काज-सरुवा/ कामकाज/सरुवा गरिएको छ । नियमानुसार सम्बन्धित बिद्यालयबाट रमाना लिई सरुवा गरिएको बिद्यालयमा हाजिर हुन जानुहुन अनुरोध छ ।

**तपशिलः-**

| **हाल कार्यरत बिद्यालयः-** | **काज-सरुवा/कामकाज/सरुवा गरिएको बिद्यालयः-** |
|---|---|
| नामः- श्री | नामः- |
| पदः- | पदः- |
| तहः- | तहः- |
| श्रेणिः- | श्रेणिः- |
| नियुक्तिको किसिमः- | नियुक्तिको किसिमः- |

**श्री ..........................**

**................................... ।**

...................

**बोधार्थः-**

क) श्री राष्ट्रीय किताबखाना(शिक्षक), म्युजियममार्ग छाउनी ।
ख) श्री कर्मचारी सञ्चय कोष, त्रिदेबीमार्ग ठमेल ।
ग) श्री नागरिक लगानीकोष, नयाबानेश्वर, काठमाडौ ।
घ) श्री शिक्षा विकास तथा समन्वय इकाई, घोराही दाङ ।
ङ) श्री शान्तिनगर गाउँपालिका (आर्थिक प्रशासन शाखा), चिराघाट, दाङ ।
च) श्री ..............................- नियमानुसार रमाना दिनु हुन ।
छ) श्री ..............................- नियमानुसार हाजिर गराई जानकारी दिनु हुन ।

आज्ञाले
भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत